वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक १२१ २०८३ भदौ १६ गते सोमबार, नेपाल सम्वत् ११४६ August 31, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
LIKE, FOLLOW गर्दै गर्नुहोस !

## बन्दीपुरमा कृषि हाटबजार सुरु

### किसानको उत्पादनलाई बजार, उपभोक्तालाई स्थानीय वस्तु; कृषि र पर्यटन जोड्ने गाउँपालिकाको पहल

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

किसानले उत्पादन गर्ने कृषि तथा पशुजन्य वस्तुको बजार सुनिश्चित गर्दै उत्पादनको उचित मूल्य दिलाउने र बन्दीपुर आउने पर्यटकलाई स्थानीय उत्पादनसँग जोड्ने उद्देश्यले तनहुँको बन्दीपुरमा कृषि हाटबजार सञ्चालनमा आएको छ । बन्दीपुर गाउँपालिका–२ स्थित बसपार्कमा सञ्चालन गरिएको हाटबजारको आइतबार औपचारिक उद्घाटन गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले गरेका छन् ।




किसानले उत्पादन गरेका तरकारी, फलफूल, खाद्यान्न, पशु तथा पशुजन्य उत्पादन, हस्तकलाका सामग्रीलगायत स्थानीय उत्पादन एउटै स्थानबाट बिक्री गर्न सकिने गरी हाटबजार सञ्चालनमा ल्याइएको हो । गाउँपालिकाले हाटबजारलाई स्थानीय उत्पादनको बजारीकरणसँगै किसानको आयआर्जन बढाउने र बन्दीपुरको स्थानीय अर्थतन्त्र चलायमान बनाउने महत्वपूर्ण माध्यमका रूपमा लिएको गाउँपालिकाका अध्यक्ष थापाले बताए ।

हाटबजार सञ्चालक तथा व्यवस्थापन समितिका संयोजक दीपक बानियाको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष थापाले स्थानीय उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्न हाटबजार प्रभावकारी हुने विश्वास व्यक्त गरे।

कृषि उत्पादन गरे पनि बजारको अभाव, बिचौलियाको निर्भरता र उत्पादनको उचित मूल्य नपाउने समस्या किसानले भोग्दै आएको उल्लेख गर्दै अध्यक्ष थापाले हाटबजारले यस्ता समस्या न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

"कृषि हाटबजार सञ्चालनसँगै बन्दीपुरको कृषि क्षेत्र र स्थानीय अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गरिएको छ", उनले भने, "पर्यटकीय क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय उत्पादनसँग प्रत्यक्ष जोड्ने अवसरसमेत यसले सिर्जना गर्नेछ।"

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर केसीले हाटबजारमा स्थानीय किसान, कृषक समूह तथा कृषि सहकारीले आफ्ना उत्पादन प्रत्यक्ष रूपमा बिक्री गर्न सक्ने वातावरण बनाइएको बताए । उनले भने, "यसबाट किसानले उत्पादनको मूल्य आफैँ निर्धारण गर्ने वातावरण बन्नुका साथै उपभोक्ताले पनि स्थानीय उत्पादन सहज रूपमा खरिद गर्न पाउने अपेक्षा गरिएको छ ।"

**कृषि र पर्यटनलाई एउटै बजारमा जोड्ने प्रयास**

बन्दीपुर देशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएकाले हाटबजारलाई कृषि र पर्यटन जोड्ने माध्यमका रूपमा समेत विकास गर्ने गाउँपालिकाको योजना छ । बन्दीपुर घुम्न आउने पर्यटकलाई स्थानीय उत्पादन खरिद गर्ने तथा स्थानीय कृषि उत्पादनको स्वाद लिने अवसर उपलब्ध गराएर पर्यटनबाट प्राप्त आम्दानीको केही हिस्सा स्थानीय उत्पादन र किसानसम्म पुर्‍याउने लक्ष्य राखिएको छ ।

पर्यटकले स्थानीय रूपमा उत्पादित ताजा तरकारी, फलफूल, खाद्यवस्तु, पशुजन्य उत्पादन तथा हस्तकलाका सामग्री खरिद गर्न सक्नेछन् । यसले पर्यटकका लागि स्थानीयपनको अनुभव थप गर्ने र किसानका उत्पादनका लागि नयाँ बजार सिर्जना गर्ने अपेक्षा गरिएको गाउँपालिका अध्यक्ष थापाले बताए ।

स्थानीय उत्पादनलाई बाह्य बजारसम्म पुर्‍याउन नसक्ने किसानका लागि गाउँमै बजारको व्यवस्था भएपछि उत्पादन विस्तारका लागि प्रोत्साहन मिल्ने देखिएको छ । नियमित रूपमा हाटबजार सञ्चालन भएमा बजारको मागअनुसार उत्पादन योजना बनाउन सक्ने र कृषि व्यवसायलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन सहयोग पुग्ने आफ्नो उत्पादन लिएर हाटबजार आएका कृषकहरू बताउँछन् ।

यस्तै, उद्घटन कार्यक्रममा सहभागी अतिथि तथा सर्वसाधारणले कृषि उपज, पशुजन्य उत्पादन र हस्तकलाका सामग्री राखिएका स्टलको अवलोकन गर्नुका साथै

बाँकी तेस्रो पेजमा

## शव व्यवस्थापन अस्थायी भण्डारण मात्रै हो अन्तिम संस्कार होइन

**भञ्ज्याङ समाचारदाता**/चितवन

भोटेकोशी बाढीमा परी मृत्यु भई त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवको व्यवस्थापनका सन्दर्भमा चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अहिले भइरहेको प्रक्रिया 'अन्तिम संस्कार' नभई पहिचान नहुन्जेलका लागि अपनाइएको 'अस्थायी व्यवस्थापन' मात्र भएको प्रष्ट पार्नुभएको छ । नहुन्जेलसम्मका लागि सम्मानजनक हिसाबले राखिएको अस्थायी संरक्षण प्रणाली हो । बाहिर राख्दा दुर्गन्धित भएर समाजमा सङ्क्रमक रोग फैलिन सक्नेतर्फ सचेत भएर हामीले कानुन बमोजिम र रेडक्रसको अन्तर्राष्ट्रिय समितिको मार्गनिर्देशनलाई सम्मान गर्दै यो व्यवस्थापन गरेका हौँ ।"

चितवनका अस्पतालमा जम्मा ३० वटा शव राख्ने क्षमता भए



तनहुँको देवघाट गाउँपालिकास्थित जङ्गलमा पहिचान नभएका शवको व्यवस्थापन गरिदै ।

विपद्का कारण उत्पन्न जटिल परिस्थिति र सम्भावित स्वास्थ्य संक्रमणको जोखिमलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मापदण्ड (आइसीआरसी) र सरकारी निर्देशिकाअनुसार शव व्यवस्थापन भइरहेको उहाँले जानकारी दिनुभयो। आइतबार जिल्ला प्रशासन कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रमुख जिल्ला अधिकारी अर्यालले शव व्यवस्थापनामा भइरहेको कामका बारेमा प्रष्ट पार्दै भन्नुभयो, "यो दाहसंस्कार होइन, अन्तिम संस्कार होइन। शव पहिचान

पनि हालसम्म २७२ शव प्राप्त भइसकेकाले अन्य विकल्प नभएकाले शव गाड्ने निर्णयमा पुगेको प्रजिअ अर्यालले बताउनुभयो। उहाँका अनुसार प्राप्त २७२ शवमध्ये १० वटा आफन्तले जिम्मा लिइसकेका छन् भने अन्यको अस्थायी व्यवस्थापन गरिएको छ।

प्रत्येक शवको फोटो, ट्याग नम्बर र डिएनए नमूना सुरक्षित राखिएकाले पछि आफन्त आएमा शव उत्खनन गरी हस्तान्तरण गर्न सकिने व्यवस्था मिलाइएको

बाँकी अन्तिम पेजमा

## बाढी प्रभावित क्षेत्रको पुन:स्थापनाका लागि जलवायु वित्त माग

**प्रगति ढकाल**/काठमाडौं

जलवायु विज्ञ, अनुसन्धानकर्ता तथा प्रभावित समुदायले भोटेकोशी बाढी प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्काल पर्याप्त अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग माग गरेका छन् । नेपालले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि यसको असरको अग्रपंक्तिमा रहेको उल्लेख गर्दै विपद्पछिको पुनर्निर्माणका लागि नयाँ ऋण थप्नु अन्यायपूर्ण हुने उनीहरूको भनाइ छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले नेपालको विद्यमान पूर्वसूचना प्रणाली मात्र पर्याप्त नहुने र जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तर्राष्ट्रिय क्षतिपूर्ति दाबी गर्न विश्वसनीय, प्रमाणमा आधारित र निर्णय गर्न सकिने स्तरको तथ्याङ्क तथा



प्रमाण आवश्यक हुने बताउनुभयो।

"तापक्रम बढ्दा हिउँ पग्लिएर ताल बन्यो र भोटेकोशी बाढी आएको हो। भोटेकोशी बाढी जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तर्राष्ट्रिय क्षतिपूर्ति दाबी गर्ने बलियो आधार बनेको छ", उहाँले भन्नुभयो, "नेपालले त्यस्तो प्रमाण प्रणाली विकास गरिरहेको भए पनि अझै पर्याप्त तथ्याङ्कीय आधार निर्माण हुन बाँकी रहेको छ।"

विशेषगरी क्षति तथा हानि सम्बोधन कोषबाट सहयोग प्राप्त गर्न नेपालले विपद्को प्रभाव, आर्थिक तथा गैर–आर्थिक क्षति, जलवायु परिवर्तनसँगको सम्बन्ध र आवश्यकताको स्पष्ट प्रमाण प्रस्तुत गर्नुपर्ने उहाँले बताउनुभयो। त्यसका लागि पूर्वसूचना प्रणालीसँगै हानि तथा नोक्सानीको व्यवस्थित अभिलेखीकरण र वैज्ञानिक मूल्याङ्कन आवश्यक हुने डा ढकालको भनाइ छ ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय फोरममा जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि तथा नोक्सानी, प्रविधि हस्तान्तरण र क्षमता विकासलगायत विषयमा आवाज उठाउँदै आएको डा ढकालको भनाइ छ। उहाँले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए

बाँकी अन्तिम पेजमा

## कृष्णभीरमा सडक भासिएपछि वैकल्पिक मार्गबाट सवारीसाधन सञ्चालन

**रासस**/काठमाडौं

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक भासिएपछि काठमाडौँबाट बाहिरिने सवारीसाधनका लागि वैकल्पिक सडक प्रयोगमा ल्याइएको छ । त्रिशूली नदीमा गएको बाढीले सडकको तल्लो भाग कटान गरेपछि आज कृष्णभीरमा करिब २० मिटर लम्बाइको सडकको आधाभन्दा बढी भाग भासिएको हो । उक्त सडक भासिएपछि पृथ्वी राजमार्गमा आइतबार बिहानैदेखि यातायात सञ्चालन प्रभावित भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले जनाएको छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाडौँबाट बाहिरिने सवारीसाधनलाई तत्कालका लागि दुई वटा वैकल्पिक मार्गबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। उहाँका अनुसार ठूला सवारीसाधन काठमाडौँ बाइरोड–नौबिसे–पालुङ–भैँसे हुँदै गन्तव्यतर्फ जान सक्नेछन् भने साना सवारीसाधन तथा माइक्रोबसका लागि फर्पिङको बाटो प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ ।

कान्तिलोकपथमा पहिरो गएर सडक अवरूद्ध भएकाले उक्त सडक पनि तत्काल सञ्चालनमा ल्याउन आवश्यक पहल भइरहेको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कृष्णभीरमा आज बिहान सडक भासिएपछि सवारी सञ्चालनमा अवरोध भएको छ । हामीले वैकल्पिक सडकको प्रयोगका लागि आवश्यक पहल गरेका छौँ। अवरूद्ध कान्तिलोकपथ पनि खुलाउने कार्य भइरहेको छ ।" बाढी तथा पहिरोका कारण विभिन्न स्थानका सडक तथा राजमार्ग अवरूद्ध हुन थालेकाले ट्राफिक प्रहरीले चालक तथा यात्रुलाई सडकको अवस्था बुझेर मात्र यात्रा गर्न आग्रह गरेको छ । स्थानीय प्रशासन, प्रहरी तथा सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षित यात्राका लागि आवश्यक जानकारी लिएर मात्रै सडक प्रयोग गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको हो ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## कृषि हाटबजार : किसानको उत्पादन र पर्यटन बजारबीचको सेतु

बन्दीपुरमा कृषि हाटबजार सञ्चालनमा आएको छ । स्थानीय किसानले उत्पादन गरेका कृषि तथा पशुजन्य वस्तुको बजारीकरण गर्ने, किसानलाई उत्पादनको उचित मूल्य दिलाउने र उपभोक्तालाई स्थानीय उत्पादन सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सुरू गरिएको यो पहल स्वागतयोग्य छ। अझ महत्वपूर्ण कुरा, बन्दीपुरजस्तो पर्यटकीय गन्तव्यमा कृषि हाटबजार सञ्चालन हुनु कृषि र पर्यटनलाई जोड्ने अवसर पनि हो । किसानले उत्पादन गर्नु मात्र पर्याप्त हुँदैन। उत्पादनले बजार पाउनुपर्छ, बजारले उचित मूल्य दिनुपर्छ र उपभोक्ताले गुणस्तरीय वस्तु सहज रूपमा प्राप्त गर्नुपर्छ। यी तीन पक्षबीच सन्तुलन कायम हुन नसक्दा कृषि क्षेत्रले अपेक्षित गति लिन सक्दैन । हाम्रो ग्रामीण अर्थतन्त्रको एउटा प्रमुख समस्या यही हो। किसान उत्पादन गर्छन्, तर बजारको सुनिश्चितता हुँदैन। कतिपय अवस्थामा बिचौलियाको भर पर्नुपर्छ र आफ्नो उत्पादनको मूल्य आफैँ निर्धारण गर्न सक्ने अवस्था हुँदैन। परिणामतः किसानको मेहनतअनुसार आम्दानी हुन सक्दैन । यस्तो समस्याको समाधानका लागि स्थानीय तहले बजार व्यवस्थापनमा भूमिका खेल्नु आवश्यक हुन्छ । बन्दीपुर गाउँपालिकाले सुरू गरेको कृषि हाटबजार यसै दृष्टिले महत्वपूर्ण छ । किसान, कृषक समूह र कृषि सहकारीले आफ्ना उत्पादन प्रत्यक्ष रूपमा उपभोक्तासम्म पुऱ्याउन पाउने वातावरण बनेमा उत्पादक र उपभोक्ताबीचको दूरी घट्नेछ । किसानले राम्रो मूल्य पाउने र उपभोक्ताले पनि ताजा तथा स्थानीय वस्तु उचित मूल्यमा पाउने सम्भावना बढ्नेछ ।

तर हाटबजार सुरू गर्नु नै यसको सफलता होइन । यसको वास्तविक परीक्षा नियमित सञ्चालन र प्रभावकारी व्यवस्थापनमा हुनेछ। उद्घाटनका दिन स्टल भरिनु र उपभोक्ताको उत्साह देखिनु सकारात्मक सुरूआत हो । तर केही समयपछि हाटबजार सुनसान हुने अवस्था आयो भने यसको उद्देश्य पूरा हुँदैन। त्यसैले गाउँपालिकाले हाटबजारलाई नियमित, व्यवस्थित र दीर्घकालीन बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ । बन्दीपुरको अर्को विशेषता पर्यटन हो । देशभित्र र बाहिरबाट आउने पर्यटकका लागि बन्दीपुर केवल घुम्ने ठाउँ मात्र नभई स्थानीय संस्कृति, खानपान, उत्पादन र जीवनशैली अनुभव गर्ने स्थान पनि बन्न सक्छ। त्यसका लागि स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्नुपर्छ । हाटबजार यसका लागि प्रभावकारी माध्यम बन्न सक्छ । बन्दीपुर आउने पर्यटकले स्थानीय रूपमा उत्पादित तरकारी, फलफूल, खाद्यवस्तु, दुग्धजन्य सामग्री, मासुजन्य उत्पादन तथा हस्तकलाका सामग्री खरिद गर्ने अवसर पाए भने त्यसको लाभ स्थानीय किसान र व्यवसायीसम्म पुग्छ । पर्यटकले खर्च गरेको रकम स्थानीय अर्थतन्त्रभित्रै घुम्ने वातावरण तयार हुन्छ । यसलाई पर्यटनबाट स्थानीय समुदायले लाभ लिने महत्वपूर्ण आधारका रूपमा विकास गर्न सकिन्छ । कृषि र पर्यटनबीचको सम्बन्ध अझ फराकिलो बनाउन सकिन्छ । स्थानीय उत्पादनबाट तयार गरिएका परिकारलाई होटल तथा रेस्टुरेन्टमा प्रयोग गर्ने, किसान र पर्यटन व्यवसायीबीच प्रत्यक्ष सहकार्य गर्ने, स्थानीय उत्पादनको ब्रान्डिङ गर्ने तथा पर्यटकलाई कृषि उत्पादनको अनुभव गराउने कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसो गर्न सके बन्दीपुरको पर्यटन केवल दृश्यावलोकनमा सीमित नरही स्थानीय अर्थतन्त्रसँग जोडिनेछ।

तर यसका लागि सबैभन्दा पहिले स्थानीय उत्पादन पर्याप्त हुनुपर्छ । हाटबजारमा बाहिरबाट ल्याइएका वस्तु बढी र स्थानीय किसानका उत्पादन कम हुने अवस्था आयो भने यसको मूल उद्देश्य कमजोर हुन्छ। त्यसैले गाउँपालिकाले हाटबजारसँगै उत्पादन बढाउने कार्यक्रमलाई पनि प्राथमिकता दिनुपर्छ । किसानलाई प्राविधिक सहयोग, गुणस्तरीय बीउबिजन, पशुपालन तथा कृषि उत्पादनसम्बन्धी तालिम, सिँचाइ र भण्डारणको सुविधा उपलब्ध गराउन सके बजार र उत्पादनबीच सन्तुलन कायम गर्न सकिन्छ । त्यसैगरी मूल्य निर्धारणमा पारदर्शिता आवश्यक छ। किसानले उचित मूल्य पाउने र उपभोक्ताले अत्यधिक मूल्य तिर्नु नपर्ने व्यवस्था मिलाउनुपर्छ। गुणस्तरमा पनि सम्झौता गर्नु हुँदैन। स्थानीय उत्पादन भनेर मात्र बजार पाउने होइन, गुणस्तरीय उत्पादनका आधारमा उपभोक्ताको विश्वास जित्नुपर्छ। स्वच्छता, तौलमा शुद्धता, मूल्यसूची र व्यवस्थित स्टल हाटबजारका आधारभूत आवश्यकता हुन् । अर्को महत्वपूर्ण विषय युवालाई कृषितर्फ आकर्षित गर्नु हो । कृषि पेशाबाट सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने विश्वास निर्माण गर्न सके मात्र ग्रामीण क्षेत्रमा कृषि टिकाउ बन्न सक्छ। बजारको सुनिश्चितता त्यसको महत्वपूर्ण आधार हो। हाटबजार सफल भयो भने यसले युवालाई व्यावसायिक कृषि, पशुपालन र स्थानीय उत्पादनमा लगानी गर्नसमेत प्रेरित गर्न सक्छ । बन्दीपुरको कृषि हाटबजारलाई केवल साप्ताहिक वा नियमित किनबेचको स्थलमा सीमित नगरी स्थानीय अर्थतन्त्रको केन्द्रका रूपमा विकास गर्ने सोच आवश्यक छ। स्थानीय उत्पादनको पहिचान, ब्रान्डिङ, प्याकेजिङ र बाह्य बजारसम्म पहुँच विस्तार गर्ने दिशामा पनि यसले आधार तयार गर्न सक्छ । अन्ततः कृषि हाटबजारको सफलता गाउँपालिकाको मात्र जिम्मेवारी होइन। किसानले गुणस्तरीय उत्पादन गर्नुपर्छ, उपभोक्ताले स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्छ, व्यवसायीले स्थानीय वस्तुको प्रयोग बढाउनुपर्छ र स्थानीय सरकारले आवश्यक पूर्वाधार तथा बजार व्यवस्थापन गर्नुपर्छ। सबै पक्षको सहकार्यबाट मात्र यसको उद्देश्य पूरा हुन सक्छ । बन्दीपुरमा सुरू भएको कृषि हाटबजारलाई त्यसैले एउटा सामान्य बजारका रूपमा होइन, किसानको खेतदेखि उपभोक्ताको भान्सासम्म र कृषि उत्पादनदेखि पर्यटन बजारसम्म जोड्ने सेतुका रूपमा विकास गर्नुपर्छ । यसको सफल सञ्चालनले किसानको आम्दानी बढाउने मात्र होइन, बन्दीपुरको स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने र पर्यटनबाट प्राप्त लाभलाई गाउँघरका उत्पादकसम्म पुऱ्याउने आधारसमेत तयार गर्न सक्छ । सुरूआत राम्रो भएको छ, अब यसको निरन्तरता, गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्ने जिम्मेवारी सबैको हो ।

# भोटेकोशी बाढीले दिएको नयाँ चेतावनी

२६ अगस्ट २०२६ को बिहान माथिल्लो ल्हेन्दे खोलाबाट बगेको पानी, बरफ, चट्टान, माटो र गेग्रान निकै तीव्र बहावका साथ भोटेकोशी हुँदै त्रिशूलीमा मिसियो। केही स्थानमा नदीको स्वरूप परिवर्तन भयो, नदी चौडा हुँदै बस्ती र पूर्वाधारहरू पुरिए। इसिमोडको प्रारम्भिक तथ्याङ्क अनुसार गल्छीमा त्रिशूलीको जलस्तर करिब ३० मिनेटभित्रै ९ मिटरजति बढेको थियो। घटनाभन्दा अघि रसुवामा यति ठूलो बाढी ल्याउन सक्ने गरी भारी स्थानीय वर्षा नभएकाले यो सामान्य मनसुनी बाढीभन्दा फरक, हिमाली क्षेत्रबाट शुरू भएको 'हिमनदीजन्य श्रृंखलाबद्ध विपद्' भएको वैज्ञानिक प्रमाण बलियो बन्दै गएको छ।

अमेरिकी भूगर्भ सर्वेक्षण (यूएसजीएस) ले अगस्ट २७ मा सार्वजनिक गरेको विश्लेषण अनुसार, यो घटनाको मुख्य स्रोत करिब ७ हजार २०० मिटर अग्लो लाङटाङ लिरूङको उत्तरतर्फ रहेको हिउँले ढाकिएको ठाडो पहाडी भाग देखिएको छ। प्रारम्भिक उपग्रह विश्लेषणले करिब ०.२ वर्ग किलोमिटर अर्थात् झन्डै २० हेक्टर बराबरको हिउँ र चट्टानको भाग अत्यन्तै शक्तिशाली बहावको रूप लियो।

चिनियाँ प्रारम्भिक आकलन अनुसार स्रोत क्षेत्र नजिकै यस बहावको गति करिब ५० मिटर प्रतिसेकेन्ड अर्थात् झन्डै १८० किमी प्रतिघण्टासम्म पुगेको हुनसक्ने र यसको प्रत्यक्ष प्रभाव २० किलोमिटरभन्दा बढी क्षेत्रमा फैलिएको अनुमान गरिएको छ। थप अध्ययन, उच्च रेजोलुसनका उपग्रह तस्बिरहरू, सतहको उचाइमा भएको परिवर्तन, ड्रोन सर्वेक्षण र स्थलगत अनुसन्धानपछि मात्रै घटनाको वास्तविक आयतन, खस्ने प्रक्रिया र हिम-चट्टानको अनुपातबारे स्पष्ट जानकारी आउने अपेक्षा गरिएको छ।

नेपालतर्फ जल तथा मौसम विज्ञान विभाग (डीएचएम) र विपद् व्यवस्थापन निकायले प्लानेट ल्याब्स लगायत उपग्रहबाट खिचिएका तस्बिरहरूको प्रारम्भिक विश्लेषण गर्दा एउटा गम्भीर अवस्था फेला परेको छ। रसुवागढीबाट करिब २० किलोमिटर माथिल्लो क्षेत्रमा हिम-चट्टान पहिरो खसेर ल्हेन्दे खोलामा ठूलो मात्रामा गेग्रान पुगेको र नदी केही समयका लागि थुनिएको हुनसक्ने सम्भावना देखिएको छ ।

क्रम देखिएको छ। यसले के स्पष्ट पार्छ भने ठूला हिमाली विपद् सकिएपछि पनि नयाँ खालका जोखिमहरू हुन सक्छन्; जसका लागि निरन्तर निगरानी र समयमै पूर्वसूचना दिनु निकै महत्त्वपूर्ण हुन्छ।

### 'हिमताल फुटेको बाढी' मात्र भन्न किन सकिंदैन त ?

हिमाली क्षेत्रमा आउने बाढीको सबैभन्दा चर्चित रूप 'ग्लोफ' अर्थात् हिमताल फुट्दा आउने बाढी हो। तर, अगस्ट २६ को घटनालाई उपलब्ध प्रमाणका आधारमा हेर्दा यो एउटा ठूलो हिमनदी वा चट्टान भत्किएर शुरू भएको देखिन्छ । बरफ र चट्टानहरू तल खसेपछि बाटोमा रहेका थप सामग्रीहरू समेट्दै नदीमा मिसिए; जसले सम्भवतः केही समय नदीको बहावलाई थुनेको थियो र अन्ततः पानी, हिलो र ढुङ्गाको एउटा विनाशकारी स्वरूप लियो। त्यसैले, यसलाई 'हिमनदी भत्किएर आएको गेग्रानयुक्त बाढी' भन्नु नै अहिलेको सन्दर्भमा बढी सान्दर्भिक हुन्छ ।

यस्तै प्रकारका शृत्तलाबद्ध घटनाहरू अन्य ठाउँमा पनि भइरहेका छन् । सन् २०२१ मा भारतको चमोलीमा चट्टान र




छुट्टिएर ५ हजार २०० मिटरबाट करिब १.२ किलोमिटर तल खसेको देखाएको छ। यद्यपि, वास्तविक क्षति क्षेत्र र खसेको कुल परिमाणबारे अझै विस्तृत अध्ययनबाट मात्रै यकिन हुनसक्छ ।

यूएसजीएसका अनुसार उक्त ठूलो हिम-चट्टान खसेको घटनाबाट उत्पन्न भएको ऊर्जालाई एमफाइभ.टुको भूकम्पसरह मापन गरिएको थियो। शुरूमा यो भूकम्प जस्तो देखिए पनि वास्तवमा हिमनदी र चट्टान भत्किंदा उत्पन्न भएको कम्पन मात्र भएको र यसमा टेक्टोनिक भूकम्पको कुनै भूमिका रहेको प्रमाण नभएको यूएसजीएसले स्पष्ट पारेको छ। घटना भएको करिब तीन घण्टापछि पुनः एमफोर.टु बराबरको अर्को हिम-चट्टान खसेको संकेत (मास-मुभमेन्ट सिग्नल) पनि रेकर्ड गरिएको थियो ।

चीनको प्राकृतिक स्रोत मन्त्रालयका विज्ञहरूले यसलाई एउटा श्रृंखलाबद्ध प्रक्रियाको रूपमा व्याख्या गरेका छन्। उनीहरूका अनुसार उच्च स्थानबाट हिउँ र चट्टान खसेपछि तल झर्दै जाँदा पुराना हिमनदीले छाडेका ढुङ्गा-माटो र मोरेन सामग्रीहरू पनि आफूसँगै बगाएको थियो। यसले गर्दा एउटा तीव्र 'डेब्रिस फ्लो' बन्यो र मुख्य नदीमा मिसिएपछि पानी, बरफ, हिलो र ठूला ढुङ्गा सहितको

यस्तो अवस्थामा अस्थायी बाँध बनेर पानी जम्मा भयो र पछि त्यो बाँध फुट्यो वा पानीले नाघ्यो भने बाढीको विनाशकारी शक्ति धेरै गुणा बढ्न सक्छ । यद्यपि, त्यो अस्थायी बाँधको भूमिका कति थियो, हिमनदीभित्र कति पानी जम्मा थियो र आधार चट्टानको भत्काइ कति ठूलो थियो भन्ने कुरा अझै विस्तृत फिल्ड सर्भे र उच्च रेजोलुसन भएका तस्बिरहरूबाट मात्र स्पष्ट हुनेछ।

यस घटनापछि देखिएको अर्को ठूलो चुनौती अहिले दोस्रो चरणको बाढीको खतराका रूपमा देखापरेको छ। २६ अगस्टमा भएको हिम-चट्टान पहिरोले चीनतर्फको नदी थुन्दा बनेको अस्थायी तालबाट २८ अगस्टदेखि पानी बाहिरिन थालेको जानकारी नेपालले पाएको छ। यसैकारण भोटेकोशी र त्रिशूली नदी किनारका बस्तीमा रहेका मानिसहरूलाई तुरून्तै सुरक्षित र अग्लो स्थानमा जान आग्रह गरिएको छ।

नयाँ बाढीले कत्तिको क्षति पुऱ्याउँछ भन्ने कुरा अझै स्पष्ट भइसकेको छैन। यो २६ अगस्टको मुख्य बाढी मात्र नभएर त्यसले निम्त्याएको शृत्तलाबद्ध जोखिम हो; जसमा पहिले हिमपहिरो खस्ने, त्यसपछि नदी थुनिंदै अस्थायी ताल बन्ने र अन्ततः त्यसबाट अर्को बाढी आउने

हिमनदीको ठूलो हिस्सा खसेर तीव्र गतिमा गेग्रान बगेको थियो। सन् २०२४ मा नेपालको थामेमा पनि चट्टान हिमतालमा खसेपछि श्रृंखलाबद्ध बाढी आएको थियो। त्यस्तै, जुलाई २०२५ मा रसुवा-भोटेकोशी क्षेत्रमा आएको अर्को बाढी तिब्बततर्फको हिमनदीमा बनेको 'सुप्राग्लेसल लेक' अचानक खाली हुँदा आएको डीएचएम र एनडीआरआरएमएको अध्ययनले पुष्टि गरेको छ।

यी सबै घटनाले एउटा कुरा स्पष्ट पार्छन्- अबको खतरा केवल 'ठूला हिमताल'बाट मात्र होइन, बरू अस्थिर हिमनदी, झुन्डिएर रहेका बरफका ढिक्काहरू, हिम-चट्टानको पहिरो, पग्लिंदै गएको पर्माफ्रोस्ट र नदी थुनिने संवेदनशील क्षेत्रहरूबाट पनि आउन सक्छ ।

### जलवायु परिवर्तनको भूमिका

एउटै घटनालाई हेरेर सीधै 'जलवायु परिवर्तनले गर्दा नै बाढी आयो' भन्नु वैज्ञानिक रूपमा पूर्ण सही हुँदैन। तत्कालको घटनाको मुख्य कारण त ठूलो हिम-चट्टान भत्किनु नै थियो; तर दीर्घकालीन रूपमा बढ्दै गएको तापक्रमले यस्ता घटनाहरू निम्त्याउने वातावरणलाई भने कमजोर बनाइरहेको छ।

तापक्रम बढ्दै जाँदा हिमनदीहरू पातलो

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ

**वृष**
टाढिएका साथीभाइ नजिकिनेछन् र मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ ।

**मिथुन**
परिश्रम परे पनि समय निकै फलदायी रहनेछ । सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**कर्कट**
साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरु समेत सहयोगी बन्नेछन् ।

**सिंह**
मिहिनेत गर्दा अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन् । तर आयस्रोत कमजोर बन्नेछ ।

**कन्य**
दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**तुला**
सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**वृश्चिक**
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । भौतिक सुविधा जुटाउन सकिनेछ ।

**धनु**
कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । लक्ष्यअनुसार समयमै काम बन्नेछ।

**मकर**
रोकिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

**कुम्भ**
परिबन्धले समस्या निम्त्याउन सक्छ । चुनौतीभित्र अवसर खोज्ने समय छ ।

**मीन**
भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला । सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ ।

# भोटेकोशी बाढीले दिएको .......

हुँदै जान्छन् र टुक्रिन थाल्छन्। हिमनदीको सतह र मुनि पानीको चाप बढ्छ र जमिनको तापक्रम फेरिन थाल्छ। यसले गर्दा वर्षभरि जमेर रहने माटो र चट्टान अर्थात् 'पर्माफ्रोस्ट' पग्लिन थाल्छ; जसले पहिले बरफले बलियो गरी 'जोडेर राखेको' चट्टानी भीरहरूलाई अस्थिर बनाउँछ ।

इसिमोडको २०२६ को क्षेत्रीय अध्ययन अनुसार सन् १९९० देखि २०२० को बीचमा हिन्दुकुश हिमालयका हिमनदीको क्षेत्रफल करिब १२ प्रतिशत र बरफको भण्डार करिब ९ प्रतिशतले घटेको छ। विशेषगरी सन् २००० पछिका वर्षहरूमा हिमनदी पग्लिने दर झन्डै दोब्बर देखिएको छ । त्यसैले, भविष्यको मुख्य जोखिम केवल पानीको मात्रा मात्र होइन; बरू हिमनदी, पर्माफ्रोस्ट, चट्टानी भीर र नयाँ हिमतालहरूमा एकैसाथ आउने परिवर्तनले गर्दा निम्तिने 'क्यास्केडिङ हजार्डस्' अर्थात् एकपछि अर्को गर्दै आउने बहुआयामिक संकट हो।

**माथिल्लो कर्णालीको हाम्रो अध्ययनले पनि यही परिवर्तन देखाउँछ**

नेपालको माथिल्लो कर्णाली बेसिनमा गरिएको हाम्रो अध्ययनले सन् २००० देखि २०२३ को बीचमा हिमनदीको क्षेत्रफल १५.२ प्रतिशतले घटेको देखाएको छ। यसै अवधिमा ठूला हिमनदीहरु टुक्रिएर साना टुक्राहरूमा परिणत हुने क्रम पनि बढेको छ। अनुमान अनुसार सन् २०१० देखि २०२३ को बीचमा करिब ४२ करोड ७७ लाख घनमिटर बरफ सकिएको छ। अध्ययन गरिएका हिमनदीहरूमध्ये करिब ५३ प्रतिशतमा हिउँको तह पातलो हुँदै गएको पाइएको छ। यो अध्ययन क्षेत्र त्रिशूली क्षेत्रभन्दा फरक भए तापनि यसले त्रिशूलीमा देखिएको घटनाको प्रत्यक्ष प्रमाण नभए पनि नेपालको उच्च हिमाली क्षेत्रमा भइरहेको दीर्घकालीन र अस्थिर परिवर्तनलाई भने स्पष्ट पार्छ ।

हाम्रो अनुसन्धानका अनुसार हिमाच्छादित क्षेत्र औसतमा वर्षको करिब ३.९९ वर्ग किलोमिटरका दरले घट्दै गएको छ भने तल्लो हिमरेखा वार्षिक करिब ५.१६ मिटरले माथि सर्दै गएको छ। साथै, रक ग्लेसियरहरूमा सतहमुनि सर्ने वा चलायमान हुने लक्षण देखिएको छ; जसले पर्माफ्रोस्ट कमजोर हुँदै गएको संकेत गर्दछ।

भविष्यको प्रक्षेपण हेर्दा, सन् २१०० सम्ममा माथिल्लो कर्णालीको हिमनदी क्षेत्रफल ४७ देखि ६९ प्रतिशतसम्मले घट्न सक्ने देखिन्छ। यसले गर्दा नदीमा पानीको बहाव वसन्त ऋतुमा चाँडो आउने, सुक्खा मौसममा घट्ने र मनसुनमा बढी निर्भर हुने अवस्था सिर्जना हुनेछ। तसर्थ, हिमनदीको यो क्षय केवल एउटा वातावरणीय परिवर्तन मात्र नभई 'विपद् जोखिम' र 'दीर्घकालीन जल सुरक्षा' दुवैका लागि ठूलो चुनौती हो ।

**अब नेपाललाई 'हिमनदीजन्य जोखिम स्रोतस्थल'को नयाँ सूची चाहिन्छ**

अहिलेसम्मको ध्यान मुख्यतया ठूला र खतरनाक देखिने हिमतालहरूमा मात्र केन्द्रित छ, जुन आवश्यक भए पनि पर्याप्त छैन। २६ अगस्टको घटनाले हिमतालसँगै अस्थिर हिमनदी, ह्याङ्गिङ ग्लेसियर, हिम-चट्टान भीर, पर्माफ्रोस्ट, रक ग्लेसियर र नदी थुनिने स्थानहरु समेत पहिचान गर्नुपर्ने आवश्यकता झल्काएको छ। यस्तो सूची एकपटक बनाएर राख्ने नक्शा मात्र नभई, नयाँ तथ्याङ्कका आधारमा निरन्तर अद्यावधिक भइरहने 'लिभिङ इन्भेन्टरी' हुनुपर्छ।

**१. उपग्रहबाट प्रारम्भिक पहिचान** : उच्च रेजोलुसन अप्टिकल तस्बिर, सेन्टिनेल/ ल्यान्डस्याट टाइम सिरिज र राडार/सार/इन्सार प्रविधि प्रयोग गरी अस्थिर 'ग्लेसियर स्नाउट', ह्याङ्गिङ ग्लेसियर, ठूला चिरा, हिमनदीको गतिमा आएको परिवर्तन, सुप्राग्लेसल/प्रोग्लेसल ताल, पुराना मोरेन र अस्थिर रक-आइस स्लोप पहिचान गर्न सकिन्छ । डीईएमको सहयोगले उचाइ, ढलान, बहावको दिशा र नदी थुनिने साँघुरा उपत्यकाहरु छुट्याउन सकिन्छ।

**२. ड्रोन र स्थलगत प्रमाणीकरण** : उच्च जोखिम देखिएका क्षेत्रमा ड्रोन फोटोग्रामेट्री/लिडर, डीजीपीएस र ग्राउन्ड सर्भे मार्फत चट्टान र बरफको अवस्था, भत्किएको क्षेत्र, बाँधको आकार र समयसापेक्ष परिवर्तनहरूको मापन गर्नुपर्छ।

**३. भू-बनोट र भूगर्भ अध्ययन:** ढलान, चट्टानको प्रकृति, फल्ट/जोइन्ट, पुराना एभालान्च वा 'डेब्रिस फ्लो' का चिह्न र सेडिमेन्टको मात्रा अध्ययन गर्दा ठूलो पहिरो वा हिम-चट्टान खस्ने सम्भावित स्थान पत्ता लगाउन मद्दत पुग्छ।

**४. पानी र मौसमको संयुक्त निगरानी:** हिमनदी पग्लिने पानी, हिमतालको सतह, नदी बहाव, वर्षा, हिमपात, तापक्रम र फ्रिज-थअ ट्रेन्डलाई एउटै प्रणालीमा निगरानी गर्नुपर्छ। यसका लागि आवश्यक स्थानमा एडब्लुएस, रिभर गेज, लेक-लेभल सेन्सर र सिस्मिक/ग्राउन्ड-मोसन सेन्सर राख्न सकिन्छ।

**५. जोखिम मोडलिङ:** हिम-चट्टान पहिरो, अस्थायी बाँध फुट्ने वा हिमताल भत्किने अवस्थामा आउने बाढी वा 'डेब्रिस फ्लो' कहाँसम्म र कति समयमा पुग्छ भन्ने मोडलिङ गर्नुपर्छ। यसले बस्ती, सडक, पुल, जलविद्युत् आयोजना र सीमानाकामा पर्ने सम्भावित असर देखाउन मद्दत गर्छ ।

**६. जोखिम वर्गीकरण र प्राथमिकता:** केवल खतराका आधारमा मात्र नभई, तल्लो क्षेत्रको जनसंख्या, महत्त्वपूर्ण पूर्वाधार र सुरक्षित स्थानमा पुग्न लाग्ने समयलाई समेत ध्यानमा राखी जोखिमलाई उच्च, मध्यम र न्यून वर्गमा वर्गीकरण गर्नुपर्छ । उच्च जोखिम क्षेत्रमा निरन्तर निगरानी, पूर्वसूचना प्रणाली र स्पष्ट सुरक्षित स्थान स्थानान्तरण योजना अनिवार्य हुनुपर्छ । यसरी तयार गरिएको 'लिभिङ इन्भेन्टरी' ले विपद् कहाँबाट शुरू हुन सक्छ, यसको असर कहाँसम्म पुग्छ र कुन स्थानमा तत्काल निगरानी तथा पूर्वतयारी आवश्यक छ भन्ने स्पष्ट आधार प्रदान गर्दछ।

**विकास अब जोखिम-सूचित हुनुपर्छ**

यस घटनाले एउटा गम्भीर प्रश्न खडा गरिदिएको छ- हिमाली क्षेत्रमा हामी कस्तो, कति र कहाँ विकास गर्ने ? हिमनदीबाट बग्ने नदीका किनार, पुराना बाढी मैदान, साँघुरा उपत्यका र पहिरो वा 'डेब्रिस फ्लो' बग्ने प्राकृतिक बाटोहरूमा सडक, पुल, जलविद्युत्, भन्सार, बजार वा बस्ती विस्तार गर्दा अब विगतका सामान्य बाढीलाई मात्र आधार मान्नुहुँदैन। माथिल्लो हिमाली क्षेत्रबाट अचानक आउने हिमताल फुट्ने खतरा, हिउँ र चट्टान खस्ने, अस्थायी बाँध फुट्ने र ठूला पहिरोका कारण आउने बाढीलाई पनि अब डिजाइन र भू-उपयोग योजनामा अनिवार्य रूपमा समेट्नुपर्छ।

विपद्पछि पुनर्निर्माण गर्दा 'जहाँ थियो, त्यहीं फेरि उस्तै बनाउने' सोचले सुरक्षा सुनिश्चित गर्दैन। पुनर्निर्माण शुरू गर्नुअघि जोखिमयुक्त क्षेत्रको वैज्ञानिक नक्शाङ्कन गर्ने, नदीका लागि आवश्यक खाली ठाउँ छाड्ने, सुरक्षित दूरी कायम गर्ने, पानी बग्ने बाटो र वैकल्पिक पहुँचको सुनिश्चितता गर्ने काम हुनुपर्छ। केही ठाउँमा संरचनालाई अझ बलियो बनाउनु मात्रै पर्याप्त हुन सक्छ भने अति नै जोखिमपूर्ण क्षेत्रमा भने बस्ती वा पूर्वाधार सार्ने, विस्तार रोक्ने वा जनघनत्व कम गर्ने नीति नै बढी सुरक्षित हुन्छ।

केरुङ-रसुवागढीको पुनर्निर्माणबाट अन्य हिमाली नाका र नदी किनारका क्षेत्रले पनि पाठ सिक्नुपर्छ। तातोपानी, हिल्सा र किमाथाङ्का जस्ता सीमावर्ती क्षेत्रको विकास गर्नुअघि माथिल्लो जलाधारदेखि तल्लो बस्तीसम्मको जोखिम मूल्याङ्कन अध्ययन गर्न जरूरी छ। भन्सार भवन, गोदाम, पार्किङ, सडक र पुल बनाउँदा व्यापारिक सुविधा मात्र नहेरी हिमनदीजन्य जोखिमलाई पनि ध्यान दिनुपर्छ ।

यो समस्या सीमावर्ती नाकामा मात्र सीमित छैन। दार्चुलाको महाकाली तटीय बजार, डोल्पाको दुनै, जुम्लाको खलङ्गा, मुस्ताङको जोमसोम, म्याग्दीको बेनी र मनाङको चामे जस्ता बजार तथा प्रशासनिक केन्द्रहरु पनि नदी र साँघुरा उपत्यकासँगै जोडिएका छन् । प्रत्येक स्थानको जोखिम फरक हुने भएकाले नयाँ बस्ती, सडक वा ठूला संरचना निर्माण गर्नुअघि माथिल्लो क्षेत्रको हिमनदी, भिरालो जमिनको अस्थिरता, बाढी मैदान र सुरक्षित उद्धार मार्गको छुट्टाछुट्टै मूल्याङ्कन हुनैपर्छ।

यसका लागि स्थानीय तहको भू-उपयोग योजना, भवन निर्माणको मापदण्ड र पूर्वाधार स्वीकृतिको प्रक्रियामा 'जोखिम क्षेत्र वर्गीकरण'लाई अनिवार्य बनाउनुपर्छ। उच्च जोखिमयुक्त क्षेत्रमा नयाँ स्थायी संरचनालाई सीमित गर्ने, मध्यम जोखिम क्षेत्रमा सुरक्षित डिजाइन र सुरक्षित निस्कने बाटो राख्ने र अत्यावश्यक पूर्वाधारका लागि वैकल्पिक स्थान र ब्याकअप प्रणाली बनाउने नीति अवलम्बन गर्नुपर्छ। विकास भनेको धेरै संरचना बनाउनु मात्र होइन; जोखिम बुझेर सही ठाउँमा, सही ढङ्गले र टिकाउ संरचना निर्माण गर्नु हो ।

रसुवागढी-केरूङ जस्ता सीमापार नदी प्रणालीको जोखिम नेपाल एक्लैले मात्र बुझ्न सक्दैन। चीनतर्फको हिमनदी, मौसम, नदीको बहाव, ब्यारियर लेक र स्याटेलाइट अवलोकन सम्बन्धी सूचनाहरु वास्तविक समयमा आदानप्रदान गर्ने एउटा स्थायी संयन्त्र आवश्यक छ; जसले साझा अनुगमन मापदण्ड, तथ्याङ्क आदानप्रदान र द्रुत वैज्ञानिक मूल्याङ्कनको व्यवस्था गर्न सकोस्।

अब नेपाल 'विपद् आएपछि उद्धार र पुनर्निर्माण गर्ने' पुरानो चक्रबाट निस्किएर 'पहिले जोखिम पहिचान गर्ने, निगरानी गर्ने, नक्शा बनाउने र सुरक्षित विकास गर्ने' नयाँ सोचतर्फ लाग्नुपर्छ। त्रिशूलीको अगस्ट २६ को बाढीले यही सन्देश दिएको छ। हिमालय बदलिंदैछ र त्यससँगै विपद्को स्वरूप पनि बदलिंदैछ। त्यसैले हाम्रो विज्ञान, पूर्वसूचना प्रणाली, भू-उपयोग योजना र विकास नीतिलाई पनि समयसापेक्ष बदल्नुपर्छ । अनलाइनखबरबाट

(भूगोल केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय)

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**भदौ २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा




# बन्दीपुरमा कृषि .......

किसानले ल्याएका उत्पादन खरिद गरेका थिए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष पञ्चमाया गुरूङ, प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर केसी, वडाअध्यक्षहरू, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, कृषि तथा पशु सेवा कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा स्थानीय संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।



**नियमित र व्यवस्थित सञ्चालन मुख्य चुनौती**

यस्तै, कृषि हाटबजार सुरू भएपछि किसानका उत्पादनका लागि बजार सिर्जना भए पनि यसको प्रभावकारिता नियमित र व्यवस्थित सञ्चालनमा निर्भर रहनेछ । किसानको पर्याप्त सहभागिता, उत्पादनको निरन्तर आपूर्ति, गुणस्तर कायम, मूल्यमा पारदर्शिता तथा उपभोक्ताको विश्वास कायम राख्न सके हाटबजार दीर्घकालीन रूपमा प्रभावकारी बन्न सक्ने देखिन्छ ।

स्थानीय उत्पादनको मागअनुसार उत्पादन वृद्धि र विविधीकरण गर्न नसके हाटबजारमा बाहिरबाट ल्याइएका वस्तुको प्रभाव बढ्न सक्ने जोखिमसमेत रहने भएकाले गाउँपालिकाले स्थानीय किसानलाई उत्पादन र बजारीकरणमा निरन्तर सहयोग गर्नुपर्ने देखिन्छ।

बन्दीपुरका विभिन्न ग्रामीण क्षेत्रमा उत्पादन हुने तरकारी, फलफूल, खाद्यान्न, दूध तथा दुग्धजन्य वस्तु, मासुजन्य उत्पादन र हस्तकलाका सामग्रीलाई व्यवस्थित रूपमा हाटबजारमा ल्याउन सके स्थानीय उत्पादनको खपत बढ्नेछ । यसबाट किसानको आम्दानी वृद्धि हुनुका साथै कृषि क्षेत्रलाई व्यावसायिक बनाउनसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाले किसान, कृषक समूह, कृषि सहकारी, व्यवसायी, उपभोक्ता तथा अन्य सरोकारवालाबीच सहकार्य बढाउँदै हाटबजारलाई थप व्यवस्थित र प्रभावकारी बनाउने जनाएको छ।



स्थानीय उत्पादनको बजारीकरण, किसानलाई उचित मूल्य र उपभोक्तालाई गुणस्तरीय वस्तु उपलब्ध गराउने उद्देश्यले सुरू गरिएको कृषि हाटबजार बन्दीपुरको कृषि अर्थतन्त्रलाई पर्यटनसँग जोड्ने नयाँ आधार बन्न सक्ने देखिएको छ ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**म्याग्दे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

छाङ्ग, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ भदौ १५ गते सोमबार
August 31, 2026

# अन्तहीन पर्खाइ : शवगृहका ढोकाहरूमा आफन्तको शव खोज्दै बाढीपीडित परिवार

रासस/चितवन

"त्यो बिहान ८:४४ मिनेट जाँदा फोनमा कुरा हुँदै थियो । उताबाट अचानक आवाज आयो 'बाढी आयो... भागौँ, भागौँ !' त्यसपछि एकाएक फोन काटियो", काभ्रेपलाञ्चोक भुम्लुकी सङ्गीता रिजालले जिन्दगीभर नबिर्सने गरी गडेको त्यो पल सम्झँदै भन्नुभयो। भदौ १० गते रसुवागढीमा आएको विनाशकारी बाढीपछि उहाँका श्रीमान् राजकुमार रिजाल सम्पर्कविहीन हुनुहुन्छ ।

त्यस दिनदेखि सङ्गीताको दैनिकी बदलिएको छ । श्रीमान् जीवितै फर्कने सानो आशा बोकेर उहाँ काठमाडौँका टिचिङ, ट्रमा सेन्टर र वीर अस्पतालदेखि चितवनको भरतपुर अस्पतालसम्म भौँतारिइरहनुभएको छ। अस्पतालका ढोका र शवगृहहरूमा श्रीमान्को अनुहार खोज्दा पनि कुनै जानकारी नपाएको उहाँले बताउनुभयो। आइतबार चितवन उद्योग परिसरमा भेटिनुभएकी सङ्गीताले मलिन अनुहार बनाउँदै भन्नुभयो, "चितवनका अस्पतालमा धेरै शवहरू ल्याइएका छन् भनेपछि यहाँसम्म आएका हौँ, तर चिन्न सक्ने अवस्था छैन ।"

यस्तै पीडा नुवाकोटकी मेनुका न्यौपानेको पनि छ। रसुवागढी क्षेत्रमा सवारी चलाउने उहाँका श्रीमान् प्रमोद भट्टराईसँगै भिनाजु र भान्जाहरू गरी एकै परिवारका सात जना सोही दिनदेखि सम्पर्कविहीन भएका छन् । एउटै ठाउँमा बस्ने र एउटै क्षेत्रमा काम गर्ने पूरै टोली एकाएक हराएपछि परिवारसँग कहिले भेट्ने हो भन्ने थाहा नभएका सन्नाटा छाएको छ ।

मेनुकाले भन्नुभयो, "काठमाडौँका सबै अस्पताल र एयरपोर्टसम्म पुग्यौँ, कतै केही खबर पाइएन । पोखरा र गोर्खातिर साथीहरू खोज्न जानुभएको छ, म भने काठमाडौँदेखि चितवनसम्म शवगृह हेर्दै हिँडिरहेकी छु ।" रसुवागढीको कठिन भूगोल र जङ्गलतिर अझै पनि मानिसहरू उद्धारको पर्खाइमा हुन सक्ने आशंका गर्दै उहाँहरूले खोजी कार्य विस्तार गरिदिन पीडितका परिवारले सरकारसँग आग्रह गर्नुभयो ।

भरतपुर महानगरपालिका–१० स्थित भरतपुर अस्पताल नजिकै रहेको चितवन उद्योग परिसर र नजिकैको चितवन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको भवन गत बुधबारदेखि पीडाको केन्द्रजस्तै बनेको छ । भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण नदी तटीय क्षेत्रमा धेरै शवहरू भेटिएपछि स्थानीय प्रशासनलाई भरतपुर अस्पतालमा शव व्यवस्थापन गर्न कठिन भएको थियो।

अस्पताल परिसरमा आफन्त गुमाएकाहरूको रोदन र सम्पर्कविहीन आफन्तसँग सम्पर्क हुने आश, आँखामा आँसुसँगै अन्तहीन पर्खाइमा परिवार छन् । एकातिर एकैपटक धेरै शवहरू संकलन हुँदा राख्ने ठाउँकोसमेत अभाव भयो । अन्ततः प्रतिष्ठानको खाली भवनलाई अस्थायी शव व्यवस्थापन कक्ष बनाइयो । तर प्राविधिक कारणले सोचेजस्तो सहज भएन । बाढीबाट निकालिएका शवहरू गलेका हुनु, लगातार प्राविधिक समस्या आउनु र शीतभण्डारणको अभावले गर्दा दुर्गन्ध बाहिरसम्मै फैलन थालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

भरतपुरका अस्पतालहरूमा जम्मा ३० वटा शव राख्ने क्षमता भए पनि हालसम्म २७२ वटा शव प्राप्त भइसकेका छन् । प्राप्त शवमध्ये १० वटा मात्रै आफन्तले जिम्मा लिएका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिनुभयो । सम्भावित स्वास्थ्य सङ्क्रमण र स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै स्थानीय प्रशासनले पहिचान हुन नसकेका शवहरूलाई देवघाटको जङ्गलमा लगेर वैज्ञानिक विधिअनुसार नम्बरिङ गरी सुरक्षित रूपमा माटोमा राख्न सुरू गरेको छ ।

प्रमुख जिल्ला अधिकारी अर्यालका अनुसार यो प्रक्रिया 'अन्तिम संस्कार' नभई पहिचान नहुन्जेलका लागि अपनाइएको 'अस्थायी व्यवस्थापन' मात्र हो । विपद्का कारण उत्पन्न जटिल परिस्थिति र सम्भावित महामारीको जोखिमलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मापदण्ड (आइसीआरसी) र सरकारी निर्देशिका अनुसार नै यो कदम चालिएको उहाँले स्पष्ट पार्नुभयो ।

चितवन प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार प्रत्येक शवको फोटो, ट्याग नम्बर र डिएनए नमूना संकलन गरी शव सुरक्षित राख्ने उद्देश्यले व्यवस्थापन सुरू गरिएको हो । शनिबार मात्रै सिन्धुपाल्चोकका एक पीडित परिवारले देवघाटमा व्यवस्थापन गरिएको शव पहिचान गरेपछि सहमतिमा त्यहीँ अन्तिम संस्कार गर्न लागिएको प्रहरीले जनाएको छ ।

शवहरूलाई सुरक्षित रूपमा देवघाटको जङ्गलमा राख्न थालिएपछि अस्पताल परिसरको वातावरण केही सामान्य त बनेको छ, तर नदी किनारमा अझै शवहरू भेटिने र आफ्ना मान्छेको खोजीमा आफन्तहरू आउनेक्रम भने रोकिएको छैन । पहिचान केन्द्रमा देखाइएका डिस्प्लेका फोटो, भित्तामा टाँगिएका हुलिया, हुलिया पुस्तिका र शवगृहका दृश्यहरूले आफन्तको मुटु काँप्छ । काठमाडौँदेखि चितवनसम्म भौँतारिइरहेका सङ्गीता र मेनुका जस्ता कैयौँ पीडितहरू अझै पनि एउटै आशा र प्रार्थनामा टिकेका छन् 'जसरी भए पनि हाम्रा मान्छेहरू सकुशल घर फर्किउन' ।

शव व्यवस्थापन अस्थायी ....

## बाढी प्रभावित क्षेत्रको ....

भोटेकोशी बाढीजस्ता उच्च जोखिम रहेकाले जलवायु न्यायको विषयलाई अन्तर्राष्ट्रिय कूटनीतिमा प्रभावकारी रूपमा उठाइने बताउनुभयो ।

"हिमाल, हिमनदी, हिमाली पारिस्थितिक प्रणाली तथा जलसुरक्षासँग जोडिएका नेपालको विशिष्ट अवस्थालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै जलवायु कूटनीतिलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेका छौँ", ढकालले भन्नुभयो, "नेपालले जलवायु न्यायको स्पष्ट धारणा, हिमाली मुलुकका रूपमा रहेको विशिष्ट पहिचान, अन्तर्राष्ट्रिय विश्वसनीयता तथा विभिन्न मुलुक र क्षेत्रीय समूहसँग सहकार्य गर्ने क्षमता रहेकाले हिमाली मुद्दामा हामी 'लिड' गर्न सक्छौँ ।"

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हालका घटनामा बाढीले गिटी, बालुवा, माटो र ठूला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पुऱ्याउँछ । तापमान वृद्धिका कारण हिमनदीजन्य घटनामा वृद्धि भएको इसिमोडले जनाएको छ ।

इसिमोडका अनुसार छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टान खस्ने, जमिन भासिने घटना निम्त्याउँछ । जलवायु क्षेत्रमा काम गर्ने विज्ञहरूले आज यस सम्बन्धमा संयुक्त रूपमा वक्तव्यसमेत जारी गरेको छन् । जलवायुजन्य हानी तथा नोक्सानी कोष, हरित जलवायु कोष र अनुकूलन कोषमार्फत ऋणरहित अनुदान तत्काल उपलब्ध गराउन उहाँहरूको माग छ ।

तोकिएका राष्ट्रिय निकायमार्फत त्यस्तो वित्त आपतकालीन उद्धार, राहत, सुरक्षित पुनर्वास तथा जलवायु–सहनशील पुनर्निर्माणमा प्रत्यक्ष परिचालन गर्नुपर्नेमा जोड दिइएको छ । भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि ठूलो रकम आवश्यकपर्ने प्रारम्भिक अनुमान गरिरहेका बेला जलवायु विज्ञहरूको यस्तो माग गर्नुभएको हो ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले पुनर्निर्माणका लागि चारदेखि पाँच अर्ब अमेरिकी डलरसम्म आवश्यक पर्नसक्ने प्रारम्भिक अनुमान सार्वजनिक गर्नुभएको छ । जलवायु अभियन्ता राज थापाले नेपालजस्तो जलवायु जोखिमयुक्त मुलुकलाई विपद्पछि थप ऋणको भार बोकाउनु 'दोहोरो अन्याय' हुने बताउनुभयो । विपद्बाट जीवन र जीविका गुमाएका समुदायले पुनःऋण तिर्नुपर्ने अवस्था सिर्जना गर्न नहुने उहाँको भनाइ छ ।

"हिमालय क्षेत्रमा हिउँ तथा हिमनदी पग्लिनेक्रम तीव्र हुँदै गएको, जसका कारण हिमताल विस्फोटजन्य बाढी (जिएलओएफ), पहिरो तथा आकस्मिक बाढीको जोखिम बढिरहेको छ", थापाले भन्नुभयो, "जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिमलाई ध्यानमा राखेर हिमालय–विशिष्ट पूर्वसूचना प्रणाली तथा हिमनदी अनुगमन प्रणालीमा तत्काल लगानी गर्न पनि माग गरिएको छ। हालको मनसुनकेन्द्रित पूर्वसूचना संरचना उच्च हिमाली क्षेत्रमा हुने यस्ता विपद्का लागि पर्याप्त छैन ।"

संयुक्त वक्तव्यमा क्षति तथा हानि कोषलाई पूर्ण रूपमा र शीघ्र सञ्चालन गरी नेपालजस्ता जोखिमयुक्त मुलुकले प्रतिबद्धता र वास्तविक वित्तीय सहयोगबीच वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उल्लेख छ । जलवायु अभियन्ता गीता पाण्डेले हिमाली नदी बेसिनका लागि सीमापार पूर्वसूचना प्रणाली र जलवैज्ञानिक तथ्याङ्क आदानप्रदानलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभयो । "एउटै नदी प्रणालीमा निर्भर मुलुकबीच समयमै सूचना आदानप्रदान हुन नसक्दा विपद्को जोखिम अझ बढ्नसक्ने भन्दै यसका लागि क्षेत्रीय संयन्त्र निर्माण गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

जलविज्ञान तथा जलस्रोत अनुसन्धानअन्तर्गत बाढी पूर्वानुमान माहाशाखाका बाढीविद् विनोद पराजुलीले हिमाली क्षेत्रमा हिमताल विष्फोटको जोखिम रहेको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "भोटेकोशी बाढीको जस्तै अन्य हिमाली क्षेत्रमा पनि जलवायुजन्य असरका कारण ठूलो क्षति हुन सक्छ ।" तसर्थ पूर्वसूचना प्रणालीको विकास र विस्तार तथा जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्नेमा उहाँको जोड छ ।

वैज्ञानिकहरूले पनि रसुवा भोटेकोशीको बाढीपश्चात् हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू–सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न भने सकेका छैनन् । रासस

## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रबिधिको सही प्रयोग गरौं, मानबिय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

### विपद्बारेको पूर्वसूचनाको महत्त्व

भूकम्पको ठ्याक्कै पूर्वानुमान आधुनिक विज्ञानले पनि गर्न सकेको छैन। तर 'टेक्टोनिक गतिविधि'बाट भूकम्पको उत्पत्ति भएर कुनै सहर/बस्तीमा कम्पन पुग्नुभन्दा केही सेकेन्डअघि चेतावनीसहित सतर्कताको सूचना प्रवाह गर्न सकिने प्रविधि छ। केही सेकेन्ड मात्रको पूर्वसूचनाले पनि भूकम्पको क्षति न्यूनीकरण गर्न सकिएका उदाहरण छन्।

सन् २०११ मार्च ११ मा जापानमा गएको महाभूकम्प (तोहोकु भूकम्प, म्याग्निच्युड ९.०) यसको उत्कृष्ट दृष्टान्त हो। भूकम्पको उत्पत्तिपछि फैलिने द्रुत गतिको 'P-wave' लाई जापानको मौसम विभाग (JMA) को पूर्वसूचना प्रणालीले तुरून्तै पहिचान गऱ्यो; पहिलो ट्रिगरको करिब ५.४ सेकेन्डमै प्रारम्भिक पूर्वानुमान तयार भयो र ८.६ सेकेन्डमा आमनागरिकका लागि सार्वजनिक चेतावनी जारी भयो। उपकेन्द्रसँग सबैभन्दा नजिकको स्थानमा समेत यो चेतावनी बलियो कम्पन आउनुभन्दा करिब १५ सेकेन्ड अगावै पुग्यो। अर्थात् नागरिकलाई सुरक्षित हुन केही क्षण मिल्यो।

यही केही सेकेन्डको पूर्वसूचनाले केही हदसम्म क्षति टार्न सकिने प्रस्ट देखियो। जापानको बुलेट रेल (सिन्कान्सेन) सञ्चालन गर्ने JR East ले तटीय भूकम्पमापक यन्त्रबाट कम्पनको संकेत पाउनासाथ विद्युत् आपूर्ति रोक्यो र करिब ३ सेकेन्डमै आपत्कालीन ब्रेक सक्रिय भयो। फलस्वरूप उच्च गतिमा गुडिरहेका रेलहरू सबैभन्दा बलियो कम्पन आइपुग्नुअघि नै निकै कम गतिमा झरे। त्यस दिन यात्रु–बाहक करिब १९ वटा रेलमध्ये एउटै पनि ट्र्याकबाट उत्रिएन र कुनै मानवीय क्षति भएन। यसरी ठ्याक्कै पूर्वानुमान गर्न नसकिने भूकम्पमा पनि केही सेकेन्डको पूर्वसूचनाले जीवन र सम्पत्ति दुवैको रक्षा गर्न सकिने यस्ता धेरै उदाहरण भेटिन्छन्।

तर सबै विपद् भूकम्पजस्तै "केही सेकेन्ड"को सूचनामा सीमित हुँदैनन्। बाढी, पहिरो वा हिमनदीजन्य बाढी (GLOF/debris flood) जस्ता घटनाको पूर्वसूचना भने प्रायः मिनेट, कहिलेकाहीँ घण्टौँअघि नै सम्भावित जोखिमयुक्त क्षेत्रका नागरिकसम्म पुऱ्याउन सकिन्छ; त्यो पनि जोखिमको स्तर र तत्कालको अत्यावश्यकता (urgency) सहित। यसका लागि प्रविधि मात्र होइन, सरकारी सूचना–प्रवाह प्रणाली र नागरिक चेतना पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ; सूचना समयमै बनेर पनि जोखिममा रहेका मानिससम्म नपुगे वा नागरिकलाई त्यसको अर्थ थाहा नभए त्यसको उपयोगिता रहँदैन। यसै सन्दर्भमा, हालैको विनाशकारी debris flood बाट पाठ सिक्न जरूरी छ। लेन्दे खोलामा हिउँ र चट्टानको पहिरो खसेर उत्पन्न भएको यो विनाशकारी "debris flood" ले टिमुरे, रसुवागढी नाका, स्याफ्रुबेँसी हुँदै त्रिशुली बजारसम्मका बस्ती, दर्जनौं पुल, सडक र जलविद्युत् आयोजना बगायो। यसमा सयौंको ज्यान गयो, सयौं (धेरै विदेशी पर्यटकसहित) बेपत्ता भए।

छोटो समय र केही हदसम्म अव्यवस्थित भए पनि, पूर्वसूचनाकै कारण धेरैको ज्यान जोगिएको छ। समयमै सूचना पाएर धेरै नागरिक सुरक्षित स्थानमा पुगे।

तर दुःखद पक्ष के भने, कतिपय अनुगमन पूर्वाधार पातलो भएको ठाउँका नागरिकले लगभग कुनै पूर्वसूचना नै पाएनन्; कतिपयले पाएर पनि "सामान्य बाढी होला" भनी गम्भीरताका साथ लिएनन्, कोही त बाढी हेर्नसमेत गए। भारी वर्षाबिनै अकस्मात् आएको यो मभदचष्क ायियम को विनाशकारी क्षमताको पर्याप्त आकलन हुन सकेन। अहिलेको यो दुर्भाग्यपूर्ण जनधनको क्षतिलाई विचार गर्दा, नेपालजस्तो भौगोलिक रूपमा जोखिमपूर्ण मुलुकमा हिमनदी–ताल, नदी–उपत्यका र भिरालो भू–भागको वैज्ञानिक अनुगमन, प्रभावकारी पूर्वसूचना प्रणाली र समुदायस्तरको जनचेतना जस्ता पक्षमा तत्काल लगानी, अनुसन्धान र सुधार गर्नुपर्ने आवश्यकता प्रस्ट देखिन्छ।

## शव व्यवस्थापन अस्थायी ....

उहाँले बताउनुभयो। उहाँले थप्नुभयो, "यदि भोलि कुनै आफन्त आएर फोटो र ट्यागका आधारमा डिएनए परीक्षण गर्न चाहनुहुन्छ र परीक्षण सफल हुन्छ भने हामी माथिबाट कोड नम्बर खोजेर शव उत्खनन गरी उहाँहरूलाई अन्तिम संस्कारका लागि हस्तान्तरण गर्नेछौं ।" प्रजिअ अर्यालले अस्थायी होल्डिङ सेन्टर बनाउँदा र 'एसी' तथा 'कम्प्रेसर' जोड्दा लगातार आउने प्राविधिक समस्याका साथै अहिले शव सड्न थालेकाले शव गाड्ने विकल्प पुगेको स्पष्ट पार्नुभयो। उहाँले यो प्रक्रिया छनोट नभएर अन्तिम विकल्पको रूपमा बाध्यता अवस्थामा अपनाइएको बताउनुभयो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले अस्पतालमा क्षमताभन्दा बढी शव आएकाले फोरेन्सिक जाँच र डिएनए नमूना संकलनमा निकै चुनौती थपिएको बताउनुभयो। अत्यधिक गर्मीका कारण शव छिटो कुहिन थालेपछि विशेषज्ञ चिकित्सकको टोली खटाएर तीव्र गतिमा अभिलेखीकरणको काम गरिएको उहाँले जानकारी दिनुभयो। अस्पतालबाट महामारी फैलिने त्रासबारे प्रष्ट पार्दै डा बगालेले भन्नुभयो, "शव परीक्षण गरिएका ठाउँबाट सिधैं महामारी फैलिने जोखिम रहँदैन । सरसफाइ गर्दा निस्कने तरल पदार्थ पानीको मुहानमा नमिसियोस् भनेर छुट्टै खाल्डो खनेर सुरक्षित व्यवस्थापन गरेका छौं र दिनमा २५–३० पटकभन्दा बढी विषाणुरहित बनाउने औषधि छर्किएका छौं ।"

उहाँका अनुसार अस्पतालमा नियमित प्रयोग हुने फ्रिजर २४ वटा मात्र उपलब्ध छन् । जसमा सामान्यतया पहिले दुईदेखि पाँच वटासम्म बेवारिसे वा दुर्घटनाका शव राखिएका हुन्छन् । एकैपटक धेरै शव आउँदा व्यवस्थापन गर्न गाह्रो भएको उहाँले बताउनुभयो । भदौ १० गते बेलुका प्राप्त भएका २२ वटा शवलाई फ्रिजर, कोरिडोर तथा त्रिपालमुनि राखेर पहिलो दिन फोरेन्सिक प्रक्रिया पूरा गरी पठाइएको उहाँको भनाइ छ ।

संकलित डिएनए नमूनाको परीक्षण अस्पतालमा नभई नेपाल प्रहरीको समन्वयमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला र राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा हुने डा बगालेले प्रष्ट पार्नुभयो । सामान्यतया नेपालमा डिएनए परीक्षणको रिपोर्ट आउन ३० देखि ४५ दिनसम्मको समय लाग्ने भन्दै लामो समयसम्म शव त्यसै राख्न सम्भव नभएपछि अस्थायी व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।

अस्पतालमा कार्यरत फोरेन्सिक विज्ञ डा सुरज शर्माले समय बित्दै जाँदा शव अत्यधिक कुहिएर औँलाका छाप (फिङ्गरप्रिन्ट) समेत लिन नसकिने अवस्था सिर्जना भएकाले डिएनए नमूना संकलन नै पहिचानको मुख्य आधार भएको बताउनुभयो । दाँत र शरीरको लामो हड्डीबाट डिएनए नमूना निकालेर नेपाल प्रहरीलाई हस्तान्तरण गर्ने गरिएको उहाँले जानकारी दिनुभयो । शवको पहिचानका लागि उचाइ, कपडा, कोठी वा विशेष चिह्नको सुक्ष्म अभिलेख राखिएको छ । शव कुहिएर दुर्गन्ध बढे पनि हालको व्यवस्थापनका कारण अस्पताल तथा आसपासको क्षेत्रमा संक्रमण वा महामारी फैलिने जोखिम नरहेको उहाँले प्रष्ट पार्नुभयो। पहिचान हुन नसकेका शवलाई भविष्यमा आफन्तले पहिचान गर्न सक्ने गरी वैज्ञानिक विधिअनुसार चितवनको भरतपुर–१ स्थित देवघाट जङ्गलमा सुरक्षित व्यवस्थापन गरिएको फोरेन्सिक विज्ञ डा शर्माले जानकारी दिनुभयो । रासस

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४